# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-१० सङ्ख्या-४ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८३/०३/१२

## भाग-२

### सुनकोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# कृषि तथा पशु बीमा कार्यक्रम कार्यविधि, २०८३

**प्रस्तावनाः**

देशको आर्थिक विकासमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण रहेकोमा कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी ती व्यवसायतर्फ

कृषकहरुलाई आकर्षण गर्न कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकोले कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले पशुपन्छी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न, कृषि क्षेत्रको सम्भावित जोखिम कम गरी सुनकोशी गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई बालीनाली तथा पशुपन्छीहरुको क्षतिबाट राहत दिन र बाली तथा पशु बीमालाई प्रवर्धन गर्दै कृषकहरुलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**कृषि तथा पशु बीमा कार्यक्रम कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा**: (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पशुधन" भन्नाले घरपालुवा पशु र पन्छीहरु जस्तै गाई, भैंसी, बाख्रा, भेडा, कुखुरालाई सम्झनुपर्नेछ।

(ख) "पशु बीमा" भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले तोकेको पशुपन्छी तथा माछा वर्गमा

पर्ने भनि निर्धारण गरेका पशुपन्छीहरुको बीमालाई सम्झनु पर्दछ।

(ग) "बाली" भन्नाले धानबाली, तरकारी, फलफूल, आलुबालीलाई सम्झनुपर्नेछ।

(घ) "बाली बीमा" भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले कृषि उपजमा पर्ने भनि निर्धारण गरेका बस्तुहरुको बीमालाई सम्झनु पर्दछ।

(ङ) "बीमाको लागी जोखिम (Risk)" भन्नाले आर्थिक क्षतिको अनिश्चितता हो।

(च) "बीमा अभिकर्ता" भन्नाले कृषि तथा पशुपन्छी बीमा सम्बन्धि तालिम लिई राष्ट्रिय बीमा समितिवाट इजाजत प्राप्त व्यक्तिलाई सम्झनुपर्दछ।

(छ) "बीमालेख" भन्नाले कृषि पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका २०७९ बमोजिम जारी गरिने बीमालेख सम्झनु पर्नेछ।

(ज) "बिमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त बीमा कम्पनी सम्झनु पदर्छ।

(झ) "बीमित बाली तथा पशुपन्छी" भन्नाले बीमा समितिवाट जारी भएका बाली तथा पशुपन्छी

बीमालेख बमोजिम बीमा गरिएका बाली तथा पशुपन्छी सम्झनुपर्दछ।

(ञ) "बीमित" भन्नाले नगरपालिका क्षेत्रभित्रका बीमा गराउने व्यक्ति वा संस्थालाई जनाउदछ।

(ट) "बीमा अवधि" भन्नाले बीमालेखमा उल्लेख भए अनुसार रक्षावरणको अवधि वा बीमालेखको अवधि सम्झनु पर्छ।

(ठ) "बीमाङ्क रकम" भन्नाले बीमालेख बमोजिम बाली तथा पशुपन्छीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ड) "बीमाशुल्क" (प्रिमियम) भन्नाले बीमा गरेबापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनुपदर्छ।

(ढ) "काबु भन्दा बाहिरको परिस्थिती" भन्नाले बाढी, पहिरो, खडेरी, अतिवृष्टि, अनावृष्टि, असिना, हिंउ, तुसारो, रोग तथा कीराहरु, भूकम्प, चटयाङ्, आगलागी तथा दुर्घटना जस्ता विभिन्नका परिस्थितीलाई जनाँउछ।

(ण) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख सकिने र सांघातिक, आकस्मिक र अप्रत्यासित घटना सम्झनु पदर्छ।

(त) "दाबी" भन्नाले बीमा गरिएको वस्तु तथा पशुपन्छीको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पदर्छ।

(थ) "रक्षावरण" भन्नाले बीमालेखमा उल्लेख भएको बाली तथा पशुपन्छीको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(द) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

३. **उद्देश्यहरुः** (१) कृषि तथा पशुबिमा कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कृषकको काबुभन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिकतातर्फ आकर्षित गर्न सहयोग गर्ने,

(ख) कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने,

(ग) कृषकहरुको कृषि तथा पशुमा लगानी जोखिम न्यूनीकरण गरी प्रतिफल सुनिश्चित गर्न।

## परिच्छेद -२

## <u>कार्यक्रम संचालन सम्बन्धी</u>

४. **कार्यक्रम सञ्चालन हुने क्षेत्रः** यस कार्यक्रम सुनकोशी गाउँपालिका भित्रमात्र सञ्चालन हुनेछ।

५. **कार्यक्रम लागू हुने कृषि तथा पशुः** (१) यस कार्यक्रम देहायका कृषि तथा पशुमा मात्र लागु हुनेछः

(क) गाई

(ख) भैंसी

(ग) बाखा

(घ) भेडा

(ङ) बङ्गुर/सुँगुर

(च) कुखुरा

(छ) धानबाली

(ज) तरकारी बाली

(झ) फलफूल बाली

६. **कार्यक्रम संचालन प्रक्रियाः** (१) कृषि तथा पशु बीमा कार्यक्रमको लागि गाउँपालिकाले बजेट तथा कार्यक्रममा बजेट विनियोजन गर्नुपर्नेछ।

(२) गाउँपलिकाले कृषि तथा पशु बिमा गरेबापत बिमा शुल्क (प्रिमियम) मा अनुदान दिनेछ।

(३) दफा ५ बमोजिम लागु हुने कृषि तथा पशुको बिमा कार्यक्रममा देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिनेछः

(क) अनुदान प्राप्त गर्न इच्छुक कृषकले कृषि तथा पशु बीमा गरी अनुसुची-१ बमोजिमको कागजात सहित अनुसुची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

(ख) कृषि बिमाको हकमा कृषि विकास शाखाको शाखा प्रमुखको सिफारिस र पशु बिमाको हकमा पशु सेवा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतको निर्णय बमोजिम अनुदान दिइनेछ।

(ग) कृषि (बाली) बिमा गराए बापत कृषकहरुले व्यहोरेको बीमा शुल्कको (प्रिमियम) ७५ प्रतिशत रकम सुनकोशी गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ।

(घ) पशु बीमा गराए बापत कृषकहरुले व्यहोरेको बीमा शुल्कको (प्रिमियम) ७५ प्रतिशत रकम सुनकोशी गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ।

(ङ) गाउँपालिकाले अनुदान दिंदा नेपाल सरकार, प्रदेश सरकारले व्यहोर्ने बिमाको बिमा शुल्क (प्रिमियम) बाहेकमा मात्र रकममा अनुदान दिइनेछ।

(च) बीमा समितिले तयार गरेको बीमालेखमा आधारित शर्तहरुमा रहेर कृषि तथा पशु बीमा गर्नुपर्नेछ।

(छ) रक्षावरण गर्ने जोखिमहरु क्षतिपूर्ति नदिने अवस्थाहरु बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद ३

## अनुदान रकमको भुक्तानी प्रक्रिया

७. **अनुदान रकम र भुक्तानी प्रक्रियाः** (१) सुनकोशी गाउँपालिकाले देहाय बमोजिमको मापदण्डमा रही कार्यालयले सम्बन्धित कृषकको बैङ्क खातामा भुक्तानी दिनेछः

(क) अनुदान रकम माग गरेको अनूसुची-२ बमोजिमको ढाँचाको निवदेन।

(ख) बीमा गरेको बीमा अभिलेख, रसिद साथै नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ग) कृषकले पेश गरेको भुक्तानी निवेदन साथै आवश्यक कागजातहरु प्रमाणित गरेपश्चात कृषकले तिरेको बीमा शुल्कको ७५ प्रतिशत रकम भुक्तानी कार्यालयले गर्नुपर्नेछ।

(घ) सम्बन्धित वडाको सिफारिस।

## परिच्छेद-४

## विविध

८. **अनुदान रकमः** गाउँपालिकाले कृषि तथा पशु बिमाको बिमा शुल्क (प्रिमियम) मा अनुदान वार्षिक रुपमा प्रदान गर्नेछ। तर कृषि बिमामा अर्धवार्षिक रुपमा अनुदान दिन बाधा पर्ने छैन।

९. **कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः** यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ

कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा केही थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

१०. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै दुविधा भएमा सोको निरुपण गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

अनुसुची-१

(दफा ६ को उपदफा (३) क सँग सम्बन्धित)

**आवश्यक कागजात**

**अनुदानको लागि आवश्यक कागजातहरु:**

१. अनुसुची-२ बमोजिम ढाँचाको निवेदन।
२. बाली तथा पशु बीमा गरेको बीमालेख र रसिदको प्रतिलिपि।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
४. फर्म भएमा फर्म दर्ता तथा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
५. बैंक खाता नम्बर प्रमाणित हुने कागजात।
६. गत आ.व. सम्म भुमि कर तिरको रसिदको प्रतिलिपि।

अनुसुची-२

(दफा ६ को उपदफा (३) क सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः .......................

श्री गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा।

**विषयः बीमा प्रिमियमको अनुदान रकम भुक्तानी सम्बन्धमा।**

प्रस्तुत बिषयमा सुनकोशी गाउँपालिकाको कृषि तथा पशु बिमा कार्यक्रम कार्यविधि, २०८३ बमोजिम कृषि तथा पशु बीमाको बिमा शुल्क (प्रिमियम) मा पाउने ७५ प्रतिशत अनुदान रकम भुक्तानीको लागि यसै निवेदन साथ तपसिलका कागजातहरु संग्लग्न राखी यो निवेदन पेश गरेको छु।

**तपसिलः**

१.
२.

**निवेदक**

हस्ताक्षरः .......................

नामः .......................

ठेगानाः .......................

नागरिकता नम्बरः ...............

सम्पर्क नम्बरः ....................

प्रमाणीकरण मितिः २०८३/०३/१२

आज्ञाले,
लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत